# बेलबारी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## १ नं.प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८।०७।१७)**

यस कार्यालयबाट तपशिलमा उल्लेखित कार्य खरीद प्रकृया बाट गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत पत्र प्राप्त फर्म,कम्पनीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरू:**

१. ईच्छुक योग्यता पुगेका दरभाउपत्रदाताहरुले १५ औ दिनमा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपसिल बमोजिमको नगदै तिरी नगदी रसिदका साथ आ.व. २०७८।०७९ को लागी नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०७८।०७९ को कर चुक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपी वा आ.व.२०७८।०७९ को कर चुक्ता म्याद थप कागजात संलग्न राखी दरभाउपत्र खरीद गर्न सकिने छ ।

२. शिलबन्दी दरभाउपत्रहरु १६ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे यस कार्यालय का प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रहरु साथ तपसिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि. बेलबारी शाखा स्थित धरौटी खाता नं.२४३०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको दरभाउपत्र कागजातमा दिईएको नमुना अनुसारको शर्तहरु उल्लेख गरी मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल दरभाउपत्र जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. रीत नपुगी वा म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै कारवाही हुने छैन ।

६. दर्ता भएका दरभाउपत्रहरु स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. स्पष्ट संग लेख्नुपर्ने छ ।

८. दरभाउपत्र पेश गर्दा खामको बाहिर माथि कामको विवरण लेखि तल यस कार्यालयको नाम लेख्नुपर्ने छ ।

९. खरीद कारवाहीमा भाग लिन अयोग्य छैन भन्ने सार्वजनिक खरिद नियमावली बमोजिम दरभाउपत्रदाताले स्वयम घोषणापत्र पेश गर्नुपर्ने छ ।

१०. यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिने छ र यस कार्यालयको वेभ साईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नुहुनेछ ।

११. दरभाउपत्र खरीद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरीद तथा दर्ता गरीने छ ।

१२. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित अन्य कानून बमोजिम हुने छ ।

**तपसिल शिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| S. N | Contract No. | Description of Work | Estimate Amount without VAT (Rs.) | Bid security (Rs.) | Bid document fee (Rs.) | Procurement process |
|---|---|---|---|---|---|---|
| 1. | BM/MOR/RBN/G/SQ-04-078/079 | Supply and installation of CCTV surveillance System at different location of Belbari Municipality | 1003234.51 | 28500.00 | 1000.00 | Sealed Quotation |

**प्रमुख प्रशासकीय अधिकृत**